# पाठ - 11

# الدرس الحادي عشر - نيبالي

## पहिलो : अल्लाह प्रति ईमान

## أولا : الإيمان بالله

अर्थात अल्लाहलाई उलूहियत, रुबूबियत, र अस्मा वस्सिफातमा एकलो मान्ने,
१ - अल्लाह प्रति ईमान मध्ये यो विश्वास राख्ने कि वास्तवमा अरु सबै बाहेक अल्लाह नै पूज्य छन्, किन भने अल्लाह नै मानिसहरुको सृष्टिकर्ता हुन, उनीहरु माथि कृपा गर्नेवाला, जीवीका प्रदान गर्नेवाला, र बाहिर र भित्रको भेदलाई जानने वाला पनि अल्लाह नै हुन, र उहाँले नै आज्ञाकारीहरुलाई पुरस्कार प्रदान गर्ने र आज्ञा उलंघन गर्नेवालाहरुलाई सजाय दिने क्षमता राख्दछन मुख्य कुरा के हो भने सबै प्रकारको पूजा र उपासना अल्लाहको र याचना, आशा, डर, त्रास, प्रेम, र महान्ताको कदर गर्ने समेत उहाँलाई एकलो मान्ने, उहाँको साथमा अरु कसैलाई सहभागी र साझेदार न बनाउने किन भने यो सबै भन्दा ठूलो पाप र घोर अपराध हो ।
अल्लाह तआलाले भन्नु भएको : فَاعْبُدِ اللَّهَ مُخْلِصًا لَهُ الدِّينَ * أَلَا لِلَّهِ الدِّينُ الْخَالِصُ तसर्थ तिमी धर्मलाई खास अल्लाहकै लागि गरेर अल्लाहको उपासना गर, र धर्मलाई खास उसैको निम्ति गर, खबरदार! उपासना खास अल्लाह कै लागि हो । यो पनि भन्नु भयो : وَقَضَى رَبُّكَ أَلَّا تَعْبُدُوا إِلَّا إِيَّاهُ तिम्रो पालनकर्ताले स्पष्ट आदेश दिनु भएको छ कि ऊ बाहेक तिमी कसैको पुजा नगर ।अर्को ठाउँमा भन्नु हुन्छ :فَادْعُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ وَلَوْ كَرِهَ الْكَافِرُونَ तिमीले अल्लाहको निम्ति धर्मलाई समर्पित गरि अल्लाहलाई पुकारदै गर, चाहे नास्तिकहरु किन न रिसाउन
२ - अल्लाह प्रति ईमान मध्ये यो पनि हो कि अल्लाहले मानिसहरुका लागि जति कुराहरु अनिवार्य र जरुरी गर्नु भएको छ त्यो सबै माथि ईमान राख्ने र इस्लामको पाँचौ आधार माथि ईमान राख्ने जुन् यस प्रकार छन्: अल्लाह बाहेक अरु कोही पुज्य छैन र मुहम्मद ﷺ अल्लाहको सन्देष्टा हुन् भन्ने कुराको गवाही दिने, नमाज पढने, दान गर्ने, रमजान महिनामा ब्रत बसने, र अल्लाहको घर काबाको हज गर्ने यदि त्यहाँ सम्म पुगने क्षमता छ भने, र यस बाहेक पनि जति कुराहरुलाई इस्लामले अनिवार्य गरेको छ त्यो सबै माथि ईमान राख्ने ।
३ - अल्लाह प्रति ईमान मध्ये यो पनि छ कि संसारको सृष्टिकर्ता, र शासनकर्ता अल्लाह नै हुन भने कुरा माथि ईमान राख्ने, यो ईमान राख्ने कि अल्लाहले आफ्नो इच्छाले ज्ञान र शक्तिको आधारमा हुकुम जारी गर्नु हुन्छ, संसार र प्रलोकको मालिक उहाँ नै हुन, र सारा संसारको पालनकर्ता पनि उही हुन, उस बाहेक नत कोही सृष्टिकर्ता छ नत कोही पालनकर्ता, उहाँले नै सन्देष्टाहरुलाई पठाएका छन् र मानिसहरुको सुधारका लागि र संसार र प्रलोकमा मुक्ति प्राप्त गर्नका लागि पवित्र ग्रन्थहरु अवतरित गरेका छन्, र यो सबै कार्यमा उहाँको कोही साझेदार छैन, अल्लाह तआलाले भन्नु भयो:اللَّهُ خَالِقُ كُلِّ شَيْءٍ وَهُوَ عَلَى كُلِّ شَيْءٍ وَكِيلٌ अल्लाह हरेक कुराको सृष्टिकर्ता हुन र हरेक कुराको संरक्षक पनि हुन ।
४ - अल्लाह प्रति ईमान मध्ये यो पनि छ कि अल्लाहको पवित्र नाम र महान गुणहरु माथि ईमान राख्ने जुन अल्लाहको पवित्र किताब कुरआन अथवा रसूल ﷺको हदीसमा उल्लेखित छन् कुनै किसिमको घटथप वा बिरोध नगर्ने, नत मनमानी तपसिल वा उदाहरण बयान गर्ने, साथै त्यसको महान अर्थहरु माथि पनि ईमान राख्ने, किन भने त्यो अल्लाहको गुणहरु हो जस माथि अल्लाहका लागि उचित तरिकाले नै ईमान राखनु पर्छ र अल्लाहको गुणलाई मानिसहरुको गुणसित तुलना गर्नु मिलदैन, जस्तो कि अल्लाह तआलाले भन्नु भयो : لَيْسَ كَمِثْلِهِ شَيْءٌ وَهُوَ السَّمِيعُ الْبَصِيرُ उहाँ जस्तो कोहि र कुनै कुरा छैन र उहाँले सुनिरहेका छन र हेरिरहेका छन ।